# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय

### ल्यापटप कम्प्यूटर खरिद गर्ने बारेको शिलवन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७०/११/१४)**

यस बैंकको केन्द्रीय कार्यालयको लागि **११ थान ल्यापटप कम्प्यूटर** खरिद गर्नु पर्ने भएकोले इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरुबाट शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिन (सो दिन सार्वजनिक बिदा परेमा तत्पश्चात् कार्यालय खुलेको पहिलो दिन)अपरान्ह ४.०० बजेसम्म दरभाउपत्र फाराम सामान्य सेवा बिभागको आन्तरिक प्रशासन फाँटबाट रु.५००।०० तिरी (पछि फिर्ता नहुने) खरिद गर्न सकिनेछ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा तत्पश्चात् कार्यालय खुलेको पहिलो दिन) मध्यान्ह १२.०० बजे भित्र सामान्य सेवा बिभागमा पेश गरिसक्नु पर्नेछ । प्राप्त हुन आएका दरभाउपत्रहरु सोही दिन अपरान्ह २.३० बजे खोलिनेछ ।

दरभाउपत्रदाताले दरभाउपत्रका साथ जमानत वापत आफूले कबोल गरेको रकमको पाँच प्रतिशतले हुने रकममा नघटाई यस बैंकको बैंकिंग कार्यालय, थापाथलीस्थित खाता नं.११०९९०१/०११.०००.५२४ मा नगदै जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट मान्यता प्राप्त बैंक तथा वित्तीय संस्थाले यस बैंकको पक्षमा जारी गरेको कम्तिमा यो दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ६० दिनको मान्य अवधि भएको बैंक जमानतपत्र संलग्न हुनु पर्नेछ । दरभाउपत्र सम्बन्धी अन्य शर्त तथा विवरणहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । साथै, यो सूचना यस बैंकको वेवसाइट www.nrb.org.np मा समेत हेर्न सकिने छ ।

**सामान्य सेवा विभाग**
**बालुवाटार**